**आ.व. ०८२/८३ को पाँचौ बैठक**

आज मिति २०८२ साल मंसिर ०४ गते बिहीबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित  सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पुर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री इक्साहाङ सुब्बा | सदस्य-सचिव | ९८४१४९०८६० | |

**अन्य**

का.स. श्री धन बहादुर बुढाथोकी

कार्यसुची

१.स्थानीय पुर्वाधार विकास विभागबाट स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार परियोजना अन्तर्गत यस गाउँपालिकाको वडा नं.२ र वडा नं.४ जोड्ने मोटरेवल पुलको लागि बजेट नआएको सम्वन्धमा

२.आयोजनाहरु डिपीआर गर्ने सम्वन्धमा

३.आयोजना संचालनको अवस्था

४.जग्गा अधिग्रहण सम्वन्धमा

५.तमोर कोरीडोर(सुभाङ्खोला -दोभान- ओलाङचुङगोला) सडक योजना ताप्लेजङको पत्र सम्वन्धमा

६.आ.व.२०८२/८३ मा विनियोजित दलित,महिला,पिछडिएको वर्ग तथा पहुँच विहिनहरुको लागि लोकसेवा तथा शिक्षासेवा आयोग तयारी कक्षा सन्चालनको रकम सम्वन्धमा

निर्णयहरु :

निर्णय नं.१. प्रस्ताव नं.१ माथि छलफल गर्दा नेपाल सरकार शहरी विकास मन्त्रालय स्थानीय पुर्वाधार विकास विभागबाट स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार परियोजना अन्तर्गत पाथीभरा याङ्वरक गाउँपालिकाको वडा नं.२ र वडा नं.४ जोड्ने मोटरेवल पुल निर्माणको लागि ठेक्का भईसकेकोर विगत तीन वर्ष यता उक्त विभागबाट बजेट व्यवस्थापन हुदै आएकोमा यस आ.व.मा उक्त शीर्षकमा कुनै रकम नआएकोले स्थानीय पुर्वाधार विकास विभाग मार्फत नेपाल शहरी विकास मन्त्रालयमा आवश्यक बजेट व्यवस्थापनको लागि पत्राचार गर्ने सर्वसम्मतीले निर्णय गरियो ।

निर्णय नं.२.प्रस्ताव नं.२ माथि छलफल गर्दा गाउँपालिकामा आगामी आ.व.२०८३/८४ मा संचालन गरिने र गाउँपालिकाको आयोजना बैंकमा समावेश गर्नैपर्ने आयोजनाहरुको डिपीआर आवश्यक हुने भएकोले निम्न आयोजनाहरुको डिपीआर गर्ने सर्वसम्मतीले निर्णय गरियो ।

निम्न :

निर्णय नं.३ प्रस्ताव नं.३ माथि छलफल गर्दा आ.व.२०८२/८३ मा संचालन गर्न स्वीकृत अधिकांश आयोजनाहरु हालसम्म सम्झौता भई संचालन गर्न ढिलाई भई रहेको देखिएकोले यसलाई तदारुकताका साथ संचालन गर्न सबै शाखाहरुले पहल कदमी गर्न विशेष गरी योजना शाखा र प्राविधिक शाखालाई प्रमुख प्रशासकीय अधिकृत मार्फत शीघ्र निर्देशन गर्न सर्वसम्मतीले निर्णय गरियो ।

निर्णय नं.४ प्रस्ताव नं.४ माथि छलफल गर्दा सुनुवारगाँउ डांडागाउँ खानेपानी योजनाको निर्माण कार्य सम्पन्न भई कार्यान्वयनमा आइसकेकोमा उक्त आयोजनाको मुहान रहेको जग्गामा विवाद भई आयोजना सञ्चालनमा अवरोध आउने देखिएकोले खानेपानी जस्तो संवेदनशील विषयमा उपभोक्ताहरु प्रभावित हुने देखिएकोले उक्त आयोजनाको मुहान क्षेत्र र इन्टेक क्षेत्रको जग्गा प्रचलित कानुन बमोजिम अधिग्रहणको प्रक्रिया अगाडि बढाउने सर्वसम्मतीले निर्णय गरियो ।

निर्णय नं.५ नेपाल सरकार, भौतिक पुर्वाधार मन्त्रालय, सडक विभाग संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय तमोर कोरीडोर (सुभाङखोला- दोभान -ओलाङचुङगोला) सडक योजना ताप्लेजुङको मिति २०८२/०५/२७ को प.सं.२०८२/८३ च.नं.६० को पत्रानुसार यस जिल्लाको एक मात्र पवित्र धार्मिक स्थल पाथीभरा देवी मन्दीरस्थल जाने सुकेटार देउराली काफ्लेपाटी सडक खण्डमा कालोपत्रे गर्ने जिम्मा पाएको निर्माण व्यवसायी श्री कन्टेक प्रा.लि. लाई आवश्यक पर्ने निर्माण सामाग्रीहरु यस गाउँपालिकाको वडा नं.१ नाङ्खोल्याङको क्षेत्रभित्र पर्ने काबेली नदीमा क्रसर प्लान्ट राखी निर्माण सामाग्री आपुर्ति गर्न भनी आएको सिफारिस पत्रको सम्वन्धमा बैठकमा छलफल हुँदा उक्त आयोजना ताप्लेजुङ जिल्ला भित्रको एक मात्र प्राथमिकता प्राप्त आयोजना भएको र निर्माण सामाग्रीको अभावमा समयमा काम सम्पन्न नहुने अवस्था समेत सिफारिस पत्रमा उल्लेख भएकोले नेपाल सरकारको ढुङ्गा गिटी वालुवा उत्खनन तथा व्यवस्थापन मापदण्ड २०७७ को दफा १२ को उपदफा (१) बमोजिम उल्लेखित क्षेत्रको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा सोही दफाको उपदफा (२) बमोजिम र अन्य आवश्यक कानुनी प्रक्रियाहरु पुरा गरी उपदफा (३) बमोजिम उक्त आयोजना सम्पन्न भइन्जेलसम्मको लागि मात्र तोकिएको परिमाणमा निर्माण सामाग्री उत्खनन तथा प्रसोधन गर्नको लागि श्री कन्टेक प्रा.लि.लाई अनुमति दिने सर्वसम्मतीले निर्णय गरियो ।

वालुवा उत्खनन तथा व्यवस्थापन मापदण्ड २०७७ को दफा १२ को उपदफा (१) बमोजिम उल्लेखित क्षेत्रको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा सोही दफाको उपदफा (२) बमोजिम र अन्य आवश्यक कानुनी प्रक्रियाहरु पुरा गरी उपदफा (३) बमोजिम उक्त आयोजना सम्पन्न भइन्जेलसम्मको लागि मात्र तोकिएको परिमाणमा निर्माण सामाग्री उत्खनन तथा प्रसोधन गर्नको लागि श्री कन्टेक प्रा.लि.लाई अनुमति दिने सर्वसम्मतीले निर्णय गरियो ।

निर्णय नं.६ आ.व.२०८२/८३ मा विनियोजित महिला,वालवालिका तथा ज्येष्ठ नागरिक उपक्षेत्र अन्तर्गत दलित,महिला,पिछडिएको वर्ग तथा पहुँच विहिनहरुको लागि लोकसेवा तथा शिक्षासेवा आयोग तयारी कक्षा सञ्चालनको रकम सम्वन्धमा छलफल गर्दा यस आ.व.मा पाथीभरा याङ्वरक गाउँपालिकाबाट ताप्लेजुङ जिल्लाको एक मात्र स्नाकोत्तर तहको अध्ययन हुने श्री पाथीभरा बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको लोकसेवा तथा शिक्षा सेवा आयोग तयारी कक्षा सञ्चालनको लागि सो क्याम्पस प्रशासनसँग समन्वय गरी प्रक्रिया अगाडि वढाउने सर्वसम्मतीले निर्णय गरियो ।

निर्णय नं.७ प्रस्ताव नं.७ माथि छलफल गर्दा पाथीभरा याङवरक गाउँपालिकाको मनोसामाजिक परामर्शदाता पाँचौ तहको पाठ्यक्रम स्वीकृत गर्ने सर्वसम्मतीले निर्णय गरियो ।